## सञ्चयकर्ताको KYC (Know Your Contributors) फाराम मार्फत व्यक्तिगत विवरण अद्यावधिक गर्ने सम्बन्धी कर्मचारी सञ्चय कोषको जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५।१०।१०**

- कोषमा रकम जम्मा गर्ने सम्पूर्ण सञ्चयकर्ताको व्यक्तिगत विवरण तथा सम्बन्धित कार्यालयको विवरण KYC फारामको माध्यमबाट सङ्कलन गरी कोषको Database मा अद्यावधिक गर्ने कार्यक्रम शुरु गरिएकाले सम्बन्धित सञ्चयकर्ताले KYC फाराम भरी आफ्नो व्यक्तिगत विवरण शुद्धिकरण गर्ने कोषको यस अभियानमा सहयोग गरी दिनहुन सम्पूर्ण सञ्चयकर्ता महानुभाव तथा सम्बन्धित कार्यालयलाई हार्दिक अनुरोध गर्दछौं ।

- **KYC फाराम सम्बन्धी थप सूचना -**

  १. **KYC फाराम भर्ने तरिका :**

  - कोषको वेवसाइट www.epfnepal.com.np मा उपलब्ध अनलाइन KYC फाराम भरेर Submit गरी प्राप्त हुने विवरण प्रिन्ट गरी कोषको कार्यालयमा उपलब्ध गराएर, वा
  - कोषको उपत्यका बाहिरका सबै शाखा कार्यालयहरू धनकुटा, विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी वा कोषको ठमेल स्थित कार्यालय र सिंहदरवार एवम् पुल्चोक स्थित सेवा केन्द्र वा कोषको वेवसाइट www.epfnepal.com.np मा उपलब्ध KYC फाराम डाउनलोड गरी भरेर आफूलाई पायक पर्ने कोषको कार्यालयमा उपलब्ध गराएर,

  तर **सञ्चयकर्ताको Biometric विवरण (हस्ताक्षर, औंठा छाप तथा फोटो) कोषको कम्प्युटर प्रणालीमा अद्यावधिक गरिने हुँदा KYC विवरण प्रमाणित गर्न सञ्चयकर्ता स्वयम् कोषका कार्यालयमा उपस्थित हुनुपर्ने ।**

  २. **फाराम बुझाउँदा आवश्यक पर्ने कागजातहरू :**

  - कोषको परिचयपत्रको प्रतिलिपि,
  - नागरिकता प्रमाणपत्र वा पासपोर्टको प्रतिलिपि,

- **KYC विवरण अद्यावधिकबाट हुने फाईदाहरू :**

  १. *सञ्चयकर्ताले मासिक रुपमा जम्मा गरेको रकम, कोषबाट लिएको सापटीको रकम र व्यक्तिगत खाताको शुद्धतामा वृद्धि हुने,*
  २. *सञ्चयकर्तालाई उपलब्ध गराइएका सेवा सुविधा तथा सञ्चयकर्ताको हितमा सञ्चालन गरिने विभिन्न योजना लगायतका सूचनाहरूको समयमा नै सूचना प्रविधिको माध्यमबाट सञ्चयकर्तालाई जानकारी गराउन सहज हुने,*
  ३. *कोषले हाल वितरण गर्दै आएको परिचयपत्रको विवरण अद्यावधिक हुनुका साथै व्यक्तिगत विवरणलाई निजको नागरिकता, स्थायी लेखा नम्बर (PAN), राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सहज हुने,*
  ४. *सञ्चयकर्ताको अवकाश भुक्तानी र सोमा लाग्ने कर लगायतका सूचनाहरूको उपलब्धतामा सहजीकरण हुने,*
  ५. *कोषका सञ्चयकर्ताको Liability Ageing गरी समयमा नै भुक्तानीका लागि आवश्यक तयारी गर्न सहज हुने,*
  ६. *सञ्चयकर्ताको पहिचानमा सहजता आई कोष रकममा आधुनिक प्रविधिबाट सुरक्षा प्रदान गर्न सहज हुने,*
  ७. *कोष, सञ्चयकर्ता र सञ्चयकर्ता कार्यालयबीच सम्पन्न हुने आर्थिक हरहिसाबलाई प्रविधिमैत्री बनाउन सकिने,*
  ८. *मौजुदा सञ्चयकर्ता परिचयपत्रलाई विद्युतीय परिचयपत्रले प्रतिस्थापन गर्ने ।*

**KYC व्यवस्थापन समूह**
**कर्मचारी सञ्चय कोष**
फोन नं. ०१-४२५९६०८
०१-४२२५३९५
*email : kyc@epfnepal.com.np*